# नेपाली कलामा बुद्धजीवनी

*पं. हेमराज शाक्य*

काठमाडौं उपत्यकाभित्र बुद्ध बोधिसत्व अवलोकितेश्वर आर्यताराका प्रस्तरमूर्ति यत्रतत्र देख्दछौं । परन्तु बोधिसत्व जीवनकालमा गरिएका जातककथासम्बन्धी शिलामा बौद्धकिन्नरीजातक कथा उत्कीर्ण गर्न लगाइएको एउटा प्रमाण* सिवाय अरू देखापर्दैन भने पनि अत्युक्ति हुँदैन । चित्रकला भन्ने बौद्ध कला प्रदर्शनी [ बहिद्यो ] देखाइने वेला बौद्धविहारमा–विश्वन्तर, महासत्व, कवीरकुमार, मणिचूडराज एवं शृङ्गकेतु राजा आदिको जातककथा उल्लिखित सुन्दर चित्रकला अंकित तुलापौ, विलंपौ, पौवाहा प्रदर्शित गराउने चलन थियो★ । बुद्धजीवनीसम्बन्धी क्रमबद्ध घटना नदेखिए तापनि बुद्धचर्या भएको ठाउँको घटनालाई अनुस्मरण गरेर श्रद्धापूर्वक ठाउँ ठाउँमा प्रस्तरकला निर्माण गर्न लगाइएको निम्न लिखित प्रमाणबाट ज्ञान हुन्छ ।

(१) श्वेतकेतु बोधिसत्व ...... भिंछे वाहानननी ।

(२) लुम्बिनी बुद्धजन्म ...... देउपाटन सुनधारा✿

(३) महाभिनिष्क्रमण, साक्षिस्वरूप । छन्दक र अश्वसहित उपस्थित भएको बुद्धमूर्ति ...... भक्तपुर सिद्धपोखरीको उत्तरद्वारनेर ।

(४) बोधिवृक्षको मुनि बुद्ध ...... ललितपुर आलुकोहिटी ।

(५) बुद्धप्रति मार आक्रमण ...... काठमाडौं यंगाहिटी●

(६) मुचलिन्दनागासन बुद्ध ...... बनेपा दथुटोल ।

(७) धर्मचक्रमुद्रा बुद्ध ...... ललितपुर गुईटोल ।

(८) बोधिसत्व उपचारिक सहित बुद्ध ...... ललितपुर चपटटोल ।

(९) स्वर्गावतरित बुद्ध ...... ललितपुर क्वन्तिवही ।

(१०) बुद्ध महापरिनिर्वाण ...... ललितपुर भिंछेवाहाननी ।


बुद्धजीवनी, जन्मैदेखि महापरिनिर्वाणसम्मको विषयलाई लिएर अदयापि उपलब्ध हुन आएकोमा ललितपुर भिंछेवाहाननी स्थित चैत्यको वेदिकामुनि रहेको १२" × ८" इञ्च साइजको प्रस्तरको एउटा मात्र देखेको छु । यसमा पनि सन्तोषजनकरूपमा बुद्धजीवनीको प्रमुख घटनाहरू जम्मै उत्कीर्ण भएको देखिदैन । केवल श्वेतकेतुबोधिसत्व, बुद्धजन्म, धर्मचक्र देशाटन एवं महापरिनिर्वाण यतिमात्र अङ्कित भएका छन् ।

प्रस्तरकलालाई छोडेर क्रमबद्ध इतिहासको कथनअनुसार एउटै ठाउँमा सन्तोजनकरूपमा राम्रै पंक्ति मिलाएर कलापूर्ण गरी कुंदिएको आजसम्मको अनुसन्धानद्वारा प्राप्त हुन आएको एउटै प्रस्तुत छ काष्ठपत्रमा उत्कीर्णित बुद्धजीवनचरित्र अन्दाजी १२ हात लामो भएको । यो ललितपुर लोकाकीर्ति महाविहार [ नकवहील ] प्रवेशद्वारको माथि रहेको पश्चिमाभिमुख कोटाझ्यालको झल्लरको रूपमा सुशोभित छ । यो बुद्धजीवनी काष्ठकलाको दृष्टिले विचार गर्‍यो भने अनुमानित १५ औं शताब्दीको


* पूर्णिमा वर्ष १ अंक २ ★ बौद्धकला अनुसन्धान, सितु पत्रिका ३ अक

✿ हाल पुरातत्व विभाग अन्तर्गतको राष्ट्रिय संग्रहालय, छाउनीमा ।


● हाल पुरातत्व विभाग अन्तर्गतको राष्ट्रिय संग्रहालय, छाउनीमा ।



बुद्धको जन्म ।



बुद्ध संन्यास ग्रहण ।



बुद्धले दुष्कर तप गर्दा निर्बल भएकोले देवपुत्रहरूद्वारा बलप्रदान गरिएको ।



बुद्धको महानिर्वाण ।

कलाको नमूना मान्न सकिन्छ । आजसम्म कुनै पनि विद्वान्ले नेपाली यस काष्ठमय बुद्धजीवनी कहीं उल्लेख गरे जस्तो लाग्दैन । एउटा आश्चर्यको विषय यो छ, नेपाल बुद्धको जन्मभूमि भएर पनि बुद्धजीवनीको चित्रण यसरी अनुक्रम मिलाई कुंदी राखिएको यही एउटाबाहेक अरू कतै प्रकाशमा आएको जस्तो लाग्दैन । यसरी यो अद्वितीय सुन्दर काष्ठकला लोकाकीर्ति महाविहारको अस्तित्व मात्र होइन नेपाली कलाका निमित्त पनि गौरवको विषय बनेको छ ।

प्रसङ्गवश उक्त काष्ठपत्रमा उत्कीर्णित कलात्मक बुद्धजीवनी घटनाक्रम १२ को संक्षिप्त विवरण यहां प्रस्तुत गरिदिएको छु ।—

[१] लुम्बिनी बुद्धजन्म, महामायादेवी शालभञ्जिका समाती शान्तिपूर्वक उभिइरहेकी। (फलक नं. ६ क)

[२] महाभिनिष्क्रमणपछि अनोमा नदी पार गरी स्वयं चूडाकर्म गरिरहेको दृश्य । (फलक नं. ६ ख)

[३] ज्ञान अन्वेषणका लागि तीर्थङ्करहरूको सत्संगतमा परी एउटा जंगलमा बसी आफ्नो शिरोपरि योगमुद्रा गरिरहेको अवस्था ।

[४] आखिर आरादकाराम, उदकरामपुत्र आदि तीर्थङ्करहरूको योगाभ्यासले पनि यथार्थ दु:खबाट मुक्त हुने सम्बोधिज्ञान प्राप्त हुने होइन भनी आफूलाई पूरा अनुभव भइसकेपछि, नैरञ्जना नदीका किनारमा बसी अनुत्तर बोधि प्राप्तिको लागि ६ वर्षसम्म दुष्करचर्या [आष्फानिक योग] गर्नुभयो । यसरी दुष्करचर्या गर्नुभएकोले सारै निर्बली भै प्राणान्तसंम भएको अवस्थामा स्वर्गबाट आई सर्वार्थसिद्ध कुमारका कञ्चट दुवैतिर ओजस्वी बल वृद्धि हुने पौष्टिक पदार्थ समाविष्ट गरिरहेको देखिन्छ । (फलक नं. ७ क)

[क] शुद्धोदन र गौतमी सहवास ।
[ख] यशोधराको उपोषधव्रत ।
[ग] " अन्त:पुर शय्यासन ।

[५] चार दिशा घुम्न जांदा एक शान्तभेष भिक्षु देखापरेको ।

[६] बोधिवृक्षमुनि बज्रासन गरेर बसिरहेको वेला मारको आक्रमण सम्बन्धी दृश्य ।

[७] ऋषिपत्तन मृगदा वनमा श्रावकबोधि धर्मचक्र प्रवर्तन गरिरहेको ।

[८] सात दिन सात ठाउँसम्म समाधिमा बसिरहेको वेला एक दिन घनघोर वृष्टि शुरू भयो । त्यस वेला शान्तिनायक भगवान् बुद्धको स्वागतार्थ मुचलिन्द नागराज आएर आरक्षा गरेको दृश्य ।

[९] तुषिता भुवनमा राज भएकी बुद्धजननी महामायादेवीलाई अभिधर्म विषय धर्मचक्र प्रवर्तन गरिसकेपछि, असंख्य देवपुत्र तथा अप्सराहरूसहित ६८ लाख योजन प्रमाणले विस्तार भएको दिव्य सोपानबाट ओर्लिएको समय देवराज इन्द्रले दिव्यछत्रद्वारा स्वागत गरेको भव्य जुलूसको बीच बुद्ध मर्त्यमण्डलमा अवतरित भएको दृश्य ।

[१०] आफ्नो जन्मभूमि कपिलवस्तु महानगर शुभागमन भएको समय आफ्नै पिता शुद्धोदन महाराजसंग कुशलवार्ता भइरहेको, पितापुत्र समागम भएको झलक ।

[११] बुद्धले गर्नुपर्ने सम्पूर्ण कार्यक्रम समाप्त भएपछि शालोद्यानमा नश्वर शरीरलाई उत्सर्ग गरेर परमानन्दपूर्वक महापरिनिर्वाण भइरहेको दृश्य । (फलक नं. ७ ख)